मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १२ गते बिहीबार ❑ 28 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नेपालको लिपुलेकका विषयमा छिमेकीबीच भएको सहमतिबारे कुरा उठाइने

**रासस**
काठमाडौं, ११ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी चीन भ्रमणका क्रममा चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीसँग हुने भेटवार्तामा नेपालको लिपुलेकका विषयमा चीन-भारतबीच भएको सहमतिबारे कुरा उठाइने जनाइएको छ।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आज आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले साङ्घाई सहयोग सङ्गठन (एसइओ) शिखर सम्मेलनमा भाग लिन चीन जाने सिलसिलामा सो विषयमा प्रधानमन्त्रीले छिमेकी मुलुकबीच भएको सहमतिबारे कुरा उठाइने जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले यही भदौ १४ देखि १८ गतेसम्म चीनको भ्रमण गर्नुहुने तय भएको छ। सञ्चार तथा सूचनाप्रविधि मन्त्री गुरुङले भन्नुभयो, "भारत र चीनका विदेशमन्त्रीबीच लिपुलेकका विषयमा भएको सहमति नेपालको सार्वभौमिकताका विरुद्धमा छ। साङ्घाई फोरमका सिलसिलामा छिमेकी शीर्ष नेतृत्वबीच हुने उच्चस्तरीय भेटघाटमा यो विषयमा कुराकानी हुन्छ।" भ्रमणका क्रममा प्रधानमन्त्री ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच 'साइडलाइन' भेटवार्ताका लागि दुवै देशका तर्फबाट तयारी भइरहेको उहाँको भनाइ थियो।

मन्त्री गुरुङले भारत र चीनका विदेशमन्त्रीबीच नेपालको लिपुलेक भएर व्यापारिक मार्ग प्रयोग गर्ने सन्दर्भमा भएको सहमतिबारेमा नेपाल सरकारका तर्फबाट यसअघि नै परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक नोट जारी गरिसकेको बताउनुभयो। यसैबीच, उहाँले सरकारले नयाँ र ठूला योजना नथप्ने र गर्नसक्ने योजनामात्रै नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने नीतिलाई कडाइका साथ अवलम्बन गरिने उल्लेख गर्नुभयो। खस्किँदो अर्थतन्त्र वर्तमान सरकारका नीति र क्रियाकलापले लयमा फर्किएको बताउँदै उहाँले अन्तरमन्त्रालय समन्वयका कारण तीव्रगतिमा हुन नसकेका विकास पूर्वाधारलाई समन्वय गरी अघि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्रालयका कामलाई चुस्तदुरुस्त बनाउन तथा प्रभावित हुन नदिन मन्त्रीको विदेश भ्रमणमा कडाइ गरिएको तथा मन्त्री र सचिव एकैसाथ भ्रमणमा जान नदिने व्यवस्था गरिएको उहाँको भनाइ थियो।

## कप्तान भण्डारी तनहुँमा सम्मानित

**पोखरापत्र संवाददाता**
दमौली, ११ भाद्र



राष्ट्रिय महिला फुटबल टोलीका कप्तान सावित्रा भण्डारीलाई तनहुँको दुलेगौडामा सम्मान गरिएको छ।

शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घ वडा व्यवस्थापन समिति वडा नम्बर ४ ले तीजको अवसरमा बुधबार यहाँ आयोजना गरेको तीज गीत प्रतियोगिताको अवसरमा भण्डारीलाई नगद रु ५० हजारसहित सम्मान गरिएको हो। भण्डारीलाई गण्डकी प्रदेशसभा सदस्य सरिता गुरुङ, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले दोसल्लाले सम्मान गर्नुभयो। खेलमार्फत नेपाललाई विश्वमाझ चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै कप्तान भण्डारीलाई सम्मान गरिएको वडा व्यवस्थापन समितिका अध्यक्ष कृष्ण विकले जानकारी दिनुभयो। कार्यक्रममा कप्तान भण्डारीले जुन क्षेत्रमा भए पनि कडा परिश्रम गर्ने हो भने सफलता प्राप्त हुने बताउनुभयो। गाउँमा मोजाको बल खेल्दै काठमाडौं पुगेको विगत स्मरण गर्दै भण्डारीले भन्नुभयो, "म दाइहरुसँग फुटबल खेल्थे। जहिले पनि गाली खान्थेँ, पिटाइ खान्थेँ। मैले तत्कालीन समयमा गरेको मेहिनतका कारण आज यो ठाउँमा छु।"

त्यस अवसरमा गण्डकी प्रदेशसभा सदस्य गुरुङले खेलकुदले हरेक नेपालीलाई एकापसमा जोड्ने काम गरेको बताउनुभयो। गुरुङले खेलकुदको माध्यमबाट भण्डारीले नेपाललाई विश्वमाझ चिनाउन सहयोग गरेको बताउनुभयो।

## राज्य व्यवस्था समितिको सभापतिमा न्यौपाने

**रासस**
काठमाडौं, ११ भाद्र

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा ईश्वरीदेवी न्यौपाने निर्विरोध चयन हुनुभएको छ।



उहाँ नेपाली कांग्रेसको समानुपातिक सांसद हुनुहुन्छ।

समितिका ज्येष्ठ सदस्य सर्वेन्द्र नाथ शुक्लाको अध्यक्षतामा मंगलबार बसेको बैठकमा उहाँलाई निर्विरोध चयन भएको घोषणा गरिएको हो। समितिका यसअघिका सभापति पदमा कांग्रेसका रामहरि खतिवडाले राजीनामा दिनुभएपछि रिक्त सभापति पदमा न्यौपानेको मात्र उम्मेदवारी परेको थियो।

बैठकमा समिति सदस्य खतिवडाले न्यौपानेलाई सभापति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सबै निकाय नागरिकप्रति जिम्मेवार हुनुपर्छ : प्रजिअ पौडेल

**पोखरापत्र संवाददाता**
मनाङ, ११ भाद्र



मनाङ जिल्लाका नवनियुक्त प्रमुख जिल्ला अधिकारी नवराज पौडेलले पद बहाली गर्नुभएको छ।

इलाका प्रशासन कार्यालय फर्पिङका प्रमुख पौडेललाई एक साताअघि मनाङ प्रशासनको जिम्मेवारी दिइएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निजी विद्यालयलाई गैर नाफामूलक बनाउने ऐन ल्याउन खोज्नु आफैमा विवादास्पद

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भाद्र



नेपाल सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनको विरोधमा निजी तथा आवासीय विद्यालयले कास्कीमा सरोकारवालासँग वृहत् अन्तरक्रिया कार्यक्रम गरेको छ।

संघीय शिक्षा ऐनमा ल्याउन लागिएको निजी तथा आवासीय विद्यालयलाई गैर नाफा मूलक बनाउने र पूर्ण छात्रवृत्तिलाई हटाउन माग गर्दै देशभरका जिल्लाहरूका अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो। कास्कीका पनि प्याब्सन कास्की, एनप्याब्सन कास्की र हिसान कास्कीले संयुक्त रूपमा जिल्ला व्यापी वृहत् अन्तरक्रिया कार्यक्रम आयोजना गरेका हुन्।

कार्यक्रममा बोल्ने वक्ताहरूले कम्पनीमा ऐन अन्तर्गत सम्पूर्ण दायित्व पुरा गरी सञ्चालन भएका निजी तथा आवासीय विद्यालयहरूलाई गैर नाफा मूलक बनाउने गरी ल्याउन लागिएको संघीय शिक्षा ऐन आफैमा विवादास्पद रहेको बताएका थिए। 'संविधानको मर्म अनुसार एका तिर कम्पनीमा दर्ता गरी विद्यालय सञ्चालन गर्न अनुमति पनि दिने अर्का तिर गैर नाफा मूलक बनाउने भन्ने तर्क आफैमा विवादास्पद छ' कार्यक्रममा बोल्ने वक्ताहरूले भने, 'यस्ता खालका ऐनहरू ल्याउन सरोकारवालासँग छलफल गरेर ल्याउँदा उपयुक्त हुन्छ।'

कार्यक्रममा बोल्दै नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले काँग्रेस पार्टी खुल्ला अर्थतन्त्रमा विश्वास राख्ने पार्टी भएका कारण निजी क्षेत्रको भूमिकालाई अवमूल्यन नगर्ने बताए। 'निजी विद्यालयले उठाउने मुद्दामा विद्यार्थी, अभिभावक र समाजको आवाज जोडिएको खण्डमा सरकारले केही गर्न सक्दैन' उनले भने, 'तपाईंहरूको जायज मागमा हाम्रो पार्टीको पूर्ण समर्थन छ।'

नेकपा एमाले कास्कीका उपाध्यक्ष भेषराज बरालले निजी विद्यालयलाई बन्द गर्ने गरी संघीय शिक्षा ऐन नआउने तर्क गरे। 'यो कार्यक्रममा आउनु अघि पनि मैले शिक्षा मन्त्रीलाई फोनमा कुरा गरेर यो विषयमा जानकारी लिएको थिय' उनले भने 'शिक्षा मन्त्रीले भन्नुभएको छ ऐनमा केही समस्या भए वसेर छलफल गरी समाधान निकाल्न सकिन्छ।' शिक्षाविद् विकल शेरचनले निजी विद्यालय कसरी व्यवस्थित गरेर लैजान सकिन्छ भनेर छलफल चलाउनुको साटो उल्टै बन्द गर्ने गरी ऐन आउन लाग्नु दुःखद भएको बताए। प्याब्सनका केन्द्रीय उपाध्यक्ष प्रेम शर्मा सुवेदीले कार्यपत्र प्रस्तुत गर्दै निजी विद्यालयप्रति राज्यको विभेदकारी नीति हटाउनु पर्ने बताए। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले निजी क्षेत्रका जायज माग प्रति पोखरा उद्योग वाणिज्य संघ सधैँ साथमा रहने बताए। राष्ट्रिय अभिभावक सङ्घ कास्कीका अध्यक्ष गोपाल गिरीले निजी विद्यालयहरू कम्पनी ऐन अन्तर्गत सञ्चालन भएकाले यसकै मर्म अनुसार सञ्चालन गर्न दिनुपर्ने तर्क गरे।

कार्यक्रममा विभिन्न शिक्षक संघ संगठनका प्रतिनिधि, विभिन्न पार्टीका विद्यार्थी संघ संगठनका प्रतिनिधि, शिक्षाविद्, सञ्चारकर्मीले बोलेका थिए। कार्यक्रम हिसानका केन्द्रीय उपाध्यक्ष बाबुराम पन्त, एन प्याब्सनका केन्द्रीय उपाध्यक्ष रामबहादुर मोची, कास्कीका अध्यक्ष हेमन्त अधिकारी, प्याब्सन केन्द्रीय उपाध्यक्ष प्रेमप्रसाद शर्मा सुवेदी, केन्द्रीय सल्लाहकार वीर बहादुर बुढाथोकी, कास्कीका वरिष्ठ सल्लाहकार माधव शरण उपाध्यक्ष, कास्कीका अध्यक्ष षडानन्द गौतम, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसीले उठेका विषयमा जवाफ दिएका थिए। पूर्ण छात्रा वृत्ति भन्ने शब्द हटाइनु पर्ने, विद्यालयहरूमा उत्पादन नहुने सामाग्रीहरू जस्तै पोसाक, स्टेशनरी, शैक्षिक सामाग्री, खाना, खाजा प्रावधान खारेज गर्नुपर्ने, कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरूलाई गैर नाफामुलक बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने माग निजी तथा आवासीय विद्यालयको रहेको छ।

त्यसै गरी छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्ने सकिने व्यवस्था गरिनुपर्ने, छात्रवृत्ति सम्बन्धी ऐन २०२१ को दफा ३(क), नियमावली २०६० को नियम १०(क) मा ४५ प्रतिशत आरक्षण छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७७ ले ११ वटा विश्वविद्यालयमा कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीले मात्र उच्च शिक्षा तथा सिटीइभिटी कार्यक्रम अन्तर्गत अध्ययन गर्न पाउने व्यवस्था भएको विभेदकारी उल्लेखित ऐन नियमका दफाहरू खारेज गरिनुपर्ने माग राखेका छन्।

प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन हिसान कास्कीका सचिव किरण सापकोटाले गरेका थिए। यसै गरी बिहीबार ११ बजे जिल्ला प्रशासन कार्यालय कास्कीमा कोण सभा गर्ने कार्यक्रम रहेको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव जारी

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

पोखराको पुरानो टुँडिखेलमा जारी तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ अर्न्तगत बिहीबार नविना सिलवार 'खुईली', रोजिना परियार लगायतका कलाकारले टुँडिखेल घन्काउने भएका छन् ।

'हाम्रो सँस्कृति हाम्रो पहिचान लोपोन्मुख सस्कृति जोगाउने हाम्रो अभियान' भन्ने नाराका साथ नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसर पारि पोखरा महानगरपालिका वडा नम्बर १ टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको आयोजना र विद्युतीय सवारी निर्माता कम्पनीले बीवाईडीको मुख्य प्रायोजनमा जारी महोत्सवमा बिहीबार नविना र रोजिना सगै तारापति सुवेदी, रामजी पौडेल, नवराज अधिकारी, तुलसा जिसी, पार्वती गुरुङ, गगन गुरुङ लगायतका



कालाकारले आफनो प्रस्तुती राख्ने भएका छन् । महोत्सवमा बुधबार प्रजापति पराजुली, जीवन दाहाल, प्रेमराज अधिकारी, नविन पौडेल, तारापति सुवेदी, सरला पाण्डे, शिवहरी ढुङ्गाना, लक्ष्मी नेपाली, टेक क्षत्री, इन्द्रा गुरुङ, अम्विका भण्डारी, सुदिप क्षेत्री लगायतका कलाकाहरुले आ आफनो प्रस्तुती राखेका थिए । महोत्सव अन्र्तगत बुधबार एकल नृत्य प्रतियोगिता, छेलोहान्ने प्रतियोगिता, ढिकी जातो प्रतियोगिता र तिज गित प्रतियोगिता समेत सम्पन्न भएका आयोजक केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले जानकारी दिए । महोत्सव सम्पन्न गर्न टुर्बोग वियरले सह प्रायोजन सगै गृहलक्ष्मी ग्यास, कर्मा ईन्टरनेश्नल ईम्पोल्यमेन्ट प्रालि काठमाण्डौले उप प्रायोजन गर्ने भएका छन् । यसै गरि बाल्ट्रा होम एप्लिकेसन, राष्ट्रिय वाणिज्य बैक र सालिको इन्स्यूरेन्सले प्रायोजन, राष्ट्रिय माध्यमिक विद्यालयले विशेष सहयोग, सामाजिक विकास यूवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, पर्यटन तथा उद्योग मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, माछापुच्छे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र पोखरा १, २, ३ वडा कार्यालयले प्रवद्धन गर्ने महोत्सव सम्पन्न गर्न गण्डकी मेडिकल कलेज, लेकसिटी पानी, कम्प्लिट गार्डेन न्युरोड पोखरा, गरिमा विकाश बैंक, गौतम स्याङ्जा सुन चाँदी पसल चिप्लेढुङ्गा, प्रतिभा माध्यमिक बिद्यालय, पराजुली आयल स्टोस पोखरा १, कुवँर हार्डवयर, लान्दुक पेट्रोलियम प्रा.लि, पोखरा इन्टरनेट, निचि वेवि चिप्लेढुङ्गाले सहयोग गरेका छन् ।

# बि १३ युकेको मृगौला पीडितलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

वि १३ युकेले फुटबल प्रतियोगिताबाट उठेको रकम मृगौला पीडितलाई सहयोग गरेको छ । पोखरा १३ बाझापाटनको युके स्थिति क्लबले क्षेत्र बहादुर विकलाई ३५ हजार रुपैयाँ सहयोग गरेको हो ।

युकेमा संकलन भएको रकम बुधबार बाझापाटनका मृगौला पीडित विकलाई सहयोग गरेको वि१३ क्लबका अध्यक्ष हिकमत गुरुङले जानकारी दिए । रोजगारको शिलशिलामा युकेमा रहेर आफ्नो ठाउँलाई सहयोग गर्ने बि १३ परिवारलाई उनले धन्यवाद दिए । 'उहाँहरु रोजगारको लागि विदेशीएपनि



आफ्नो क्लबलाई माया गरेर सामाजिक कार्य गर्नु निकै राम्रो काम हो' उनले भने, 'हामीले पनि पोखरामा खेलकुद देखी सामाजिक गतिविधि गर्दै आउँदा बि १३ युकेले हरेक पटक सहयोग गर्दै आइरहेको छ ।' वि १३ युकेले अगष्ट २ मा युकेले आफ्नो नवौं वार्षिकोत्सवको अवसरमा नवौं संस्करणको फुटबलप्रतियोगिताको आयोजना गरेको हो । हाम्रो मोर्गेजेज्स र रेड प्रोट एकाउन्टीङको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको उपाधि झापा फुटबल क्लबले जितेको थियो । वासिङकोट युथ नेप्लिज कम्युनिटी दोस्रो भएको थियो । खुला तर्फ २० टिमको सहभागिता रहेको थियो । यस्तै भेट्रान्स तर्फ धरान ११ पहिलो हुँदा प्लुमेस्टेड भिइटीले दोस्रो स्थान हासिल गरेको थियो ।

# परम्परागत कला र संस्कृति संरक्षणमा प्रदेश सरकार प्रतिबद्धः मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

पिोखराको बाटुलेचौरमा २ दिन सम्म चलेको ऐतिहासिक तीज मेला- २०८२ सम्पन्न मंगलबार भएको छ ।

तीज मेला व्यवस्थापन समितिले आयोजना गरेको मेलाको समापन गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दु कुमार थापाले परम्परागत कला, संस्कृतिको संरक्षण गर्ने कार्यमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । उनले नेपाली कला, संस्कृति विश्वमा नै उत्कृष्ट रहेको बताउँदै, यसको जगेर्ना गर्ने कार्यमा सामाजिक संघ संस्थाको भुमिका महत्वपुर्ण हुने विश्वास व्यक्त गरे । तीज मेला व्यवस्थापन समितिका संयोजक राजकुमारी बानियाँको अध्यक्षतामा भएको समापन कार्यक्रममा मन्त्री थापाले विद्यालय



स्तरीय लोक नृत्य प्रतियोगितामा प्रथम भएको सुर्योदय बोडिङ्ग स्कुल, द्वितीय भएको सरस्वती आदर्श विद्याश्रम द्वितीय, तृतीय भएको प्रगति स्कुल र सान्त्वना स्थान हासिल गरेको विन्ध्यवासिनी माविलाई क्रमशः नगद १५ हजार,१० हजार, ५ हजार र २ हजार ५ सय रुपैयाँ र प्रमाणपत्र प्रदान गरे । त्यस्तै २५ वर्ष माथिका महिला दौडमा प्रथम हुने विष्णु खनाल, द्वितीय हुने सम्झना गुरुङ, तृतीय हुने सविना बास्तोलालाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गरे ।दौडमा सहभागी ७५ वर्षिया दुर्गा केसी थापालाई विशेष प्रोत्साहन स्वरुप सम्मान गरिएको थियो। कार्यक्रममा मेलाको मुख्य आकर्षणको रुपमा रहेको समुहगत तीज गीत प्रस्तुतिमा त्यस वडाका १६ वटा आमा समुहले सहभागिता जनाएका थिए । उनीहरूलाई जनही १० हजार रुपैयाँ र सहभागीताको प्रमाणपत्र प्रदान गरिएको संयोजक राम बहादुर बानियाँले जानकारी दिए ।

वडा कार्यालय, पोखरा-१६ संरक्षक रहेको सो मेलाको अन्तिम दिन मंगलबार ख्याति प्राप्त लोक दोहोरी गायक कृष्ण सुवेदीका साथै गणेश ढकाल र सन्ध्या बिसीले आफ्ना चर्चित तीजे भाका र लोक गीत प्रस्तुत गर्दा दर्शक छमछमी नाचेका थिए। सो अवसरमा मेला सफल बनाउन सहयोग गर्ने विभिन्न व्यक्ति र संघ संस्थालाई मायाको चिनो प्रदान गरिएको प्रचार प्रसार संयोजक मोहन थापाले बताए । कार्यक्रममा स्वागत राम बहादुर बानियाँ र सञ्चालन समितिका सदस्य भीम गायकले गरेका थिए। मेलाको प्रवर्द्धन गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र पोखरा महानगरपालिकाले गरेका हुन् । मेला हेर्न दुवै दिन पोखराका विभिन्न भागबाट दर्शकहरु बाटुलेचौरको ऐतिहासिक मैदानमा पुगेका थिए ।

# पोखरामा सुरु भयो 'प्रधान सेनापति ट्रफी-२०८२'

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

नेपाली सेनाले आयोजना गर्दै आएको प्रधान सेनापति ट्रफी-२०८२ पोखरामा सुरु भएको छ ।

पोखरा रंगशालाको बहुउद्धेश्यिय कभर्ड हलमा बुधबारदेखि उक्त प्रधान सेनापति ट्रफी-२०८२ अर्न्तगत बक्सिङ प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगितामा ८ पृतना, ५ बाहिनी र १ विशेष फौज बाहिनीका खेलाडीहरू सहभागी हुनु भएको पश्चिम पृतनाले जनाएको छ । उक्त बक्सिङ प्रतियोगितामा २ सय २४ जना खेलाडीहरुले विभिन्न इभेण्टमा प्रतिष्प्रर्धा गर्दै हुनुहुन्छ । प्रतियोगितामा पुरुषतर्फ १० तथा महिलातर्फ ६ तौल समूहमा प्रतिष्प्रर्धा हुने भएको पश्चिम पृतनाका सेनानी (वक्सिङ खेलका समन्वय अधिकृत) हुमन सिंह कुवंरले बताउनु भयो । उक्त प्रतियोगिता यही भदौ ११ गतेदेखि १७ गतेसम्म सञ्चालन हुने भएको छ ।

यही भदौं १४, १५ र १७ गते नेपाली सेनाको यूटुव च्यानल




मार्फत प्रत्यक्ष प्रशारण हुने भएको छ ।

यसैबिच, पश्चिम पृतना हेड क्वाटरका प्रतनापति उपरथी मधुकरसिंह कार्कीले उक्त प्रतियोगिताको बुधबार एक समारोहका बिच उद्घाटन गर्दै नेपाली सेनाले नेपाली खेलकुद क्षेत्रमा पुर्‍याएको योगदानको प्रशंसा गर्दै प्रधान सेनापति ट्रफीले खेलाडीहरुको प्रतिभा प्रष्फुटन गर्नुका साथै खेलकुदमा निरन्तर लाग्न प्रेरणा जगाउने जनाउनु भयो । उहाँले नवौं राष्टिय खेलकुदमा नेपाली सेनाले बक्सिङबाट १२ स्वर्ण, ४ रजत र ३ कास्य पदक प्राप्त गर्न सफल भएको स्मरण गर्नुभयो । नेपाली सेनाले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा खेलकुदको क्षेत्रबाट नेपालको नाम उचो पार्ने काम गरेको जनाउनु भयो । यस आन्तरिक प्रतिष्प्रर्धाले खेलाडीहरुमा थप प्रोत्साहन र हौसला मिल्ने भएकोले आर्मीले हरेक बर्ष एक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको पृतनापति कार्कीले बताउनु भयो । प्रधान सेनापति ट्रफी-२०८२ अर्न्तगत बक्सिङसँगै फुटबल, भलिबल, बास्केटबल, एथलेटिक्स, पौडी, जुडो र तेक्वान्दोका विभिन्न क्षेत्रमा प्रतियोगिता हुने भएको छ । प्रधान सेनापति ट्रफी अन्तर्गत विभिन्न खेल तर्फका प्रतियोगिता यही असोज १० गतेसम्म संचालन हुने भएको छ। २०६७ साल देखि उक्त प्रधान सेनापति ट्रफी सुरु भएको हो ।

# वडा नं १२ को तीज प्रतियोगितामा देवीस्थान महिला समूह प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

पोखरा महानगरपालिका वडा न १२ कार्यालयले आयोजना गरेको खुला तीजगीत प्रतियोगितामा देवीस्थान महिला समूह पहिलो भएको छ ।

मंगलवार भएको कार्यक्रममा पोखरा नर्सिङ क्याम्पस विद्यार्थी समूह दोस्रो, कमलज्योति आमा समूह तेस्रो र अमरसिंह सांस्कृतिक समूह र अमरसिंह दृष्टिविहीन समूह चौथो भएका छन् । पुरस्कृत हुने पहिलो, दोस्रो, तेस्रो र चौथो हुनेलाई क्रमश ४० हजार ३० हजार, २० हजार र १० हजार नगद र प्रमाण पत्र प्रदान गरिएको वडा नं १२ का वडा अध्यक्ष सन्तोष वाँस्तोलाले




पोखरापत्रलाई वताए । त्यसैगरी उत्कृष्टनृत्यजिमिरेटोलप्रगतिशील आमा समूह र भेषभूषामा क्षत्री दिदीबहिनी समूह छनोट भएका छन् । नेपाली समाजमा प्राचीन कालदेखि नै तीजलाई महत्वपूर्ण पर्वका रुपमा लिने गरेको वडा नं १२ का सदस्य गोविन्दप्रसाद सिग्देलले पोखरापत्रलाई वताए।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

प्रतियोगिता आदर्श समाज सामाजिक संस्थाको व्यवस्थापनमा भएको थियो । कार्यक्रममा आदर्श समाज सामाजिक संस्थाका अध्यक्ष इन्दिरा भण्डारीले शुभकामना दिएकी थिइन् ।

## राज्य ...

निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई नेकपा (एमाले) का सांसद कृष्णगोपाल श्रेष्ठले समर्थन जनाउनुभएको थियो । समिति सभापति निर्वाचित न्यौपानेले आजै सभामुखसँग पद तथा गोपनियताको शपथ लिनुहुनेछ।

नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गर्नुभएकी न्यौपाने हाल कांग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ । यसअघि उहाँ तत्कालीन संविधानसभामा सदस्य हुनुहुन्थ्यो भने पार्टीका तर्फबाट संसदीय दलको सचेतकको भूमिका समेत निर्वाह गरिसक्नुभएको छ ।

कांग्रेस महिला विभाग प्रमुख भई जिम्मेवारी सम्हालेको अनुभव पनि उहाँसँग छ ।

कांग्रेसको मङ्गलबार बसेको पदाधिकारी बैठकले न्यौपानेलाई समितिको सभापति उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

## सबै निकाय ...

थियो । पदबहाली गरेपछि मंगलबारप्रजिअ पौडेलले शान्ति सुरक्षा, कानुन र व्यवस्था कायम राख्न कतैबाट पनि कमजोरी हुन नहुने बताउनुभयो। उहाँले कामबाटै सरकारी कर्मचारीप्रति नागरिकको दृष्टिकोण बन्ने भएकाले सबै निकाय नागरिकप्रति जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। व्यक्तिगतभन्दा सामूहिक कार्यलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै प्रजिअ पौडेलले नागरिकप्रति सहज तर मुद्दाप्रति कडा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सूचना प्रविधि (आइसिटी) आधारित सेवा प्रवाहलाई अघि बढाउने बताउँदै दुर्गम क्षेत्रमा घर-घरमै सेवा पुऱ्याउने योजना रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सेवाग्राहीलाई यो भएन, त्यो भएन भनेर फर्काउने होइन, कसरी सेवा दिएर पठाउने भन्नेमा प्रशासन सजग रहन्छ ।"

साक्षर समाज-सक्षम राष्ट्र

शिक्षाः

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौ, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# लुम्बिनी संरक्षणका लागि सर्वोच्चको महत्व आदेश

सर्वोच्च अदालतले लुम्बिनी क्षेत्रको संरक्षणका लागि चारबुँदे परमादेश जारी गरेको छ। न्यायाधीशद्वय कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सरकारको नाममा गरेको आदेश संरक्षणको लागि महत्वपूर्ण छ । वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माको रिटमा फैसला सुनाउँदै सरकारले चार बुदाँमा आदेश जारी गरेको हो। बुद्ध जन्मस्थलमा जथाभावी संरचना निर्माण थालिएको र यस्तो निर्णयले विश्व सम्पदा सूचीमा समेत रहेको पुरातात्विक महत्त्वको स्थलमा असर पर्ने दाबीसहित रिट दायर भएको थियो । रिटमा अन्तिम फैसला सुनाउँदै सर्वोच्चले लुम्बिनी विकास कोषको १५ किमिभित्र दर्ता भैसकेका तर संचालनमा नआएका उद्योगहरुको हकमा समेत त्यस्ता उद्योगहरुले तोकिएको वातावरण प्रदूषण मापदण्ड एवं शर्तहरुभित्र रहने गरी उद्योग संचालनपूर्व नै आवश्यक प्रदूषण नियन्त्रणको व्यवस्था गर्नुपर्ने तोकिएको मापदण्ड एवं शर्तहरु पालना नगर्ने उद्योगहरुलाई दिएको समयावधिभित्र अन्यत्र स्थानान्तरण गर्ने भन्ने निर्णय भएको देखियो।

औद्योगिक प्रवर्द्धन बोर्डले १२ मंसिर २०६६ मा लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धनका लागि भएको उल्लेखित निर्णयविपरीत उद्योग स्थापना गर्न उद्योग विभाग वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा सो मातहतका निकायहरुबाट भए गरेका सम्पूर्ण काम कारबाही र पत्राचार तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर हुने आदेशमा उल्लेख छ। सर्वोच्चको चार बुँदे परमादेशको पहिलो बुँदामा -लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खाल (Boundary)को दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व-पश्चिम तथा उत्तरतर्फ पर्खालदेखि १५ किमि दूरीभित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँबायाँ ८०० मि. भित्र धूलो, धुवाँ तथा कार्बन उत्सर्जन गर्ने कुनै पनि नयाँ उद्योग स्थापना गर्न अनुमति नदिनु ।यो आदेश अब अतिक्रमण हुन नदिने हो।

दोस्रो बुँदामा-नेपाल औद्योगिक प्रवर्द्धन बोर्डको २०६६।०८।१२ को १९० औ बैठकको निर्णयले लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको १५ किमि भित्र कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने भनी निर्णय गर्नुको अर्थ पर्खालबाट १५ किमिसम्मको क्षेत्र धुलो, धुवाँ तथा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योगमुक्त क्षेत्र बनाउने लक्ष्य अनुसारकै हो भन्ने देखियो। सो निर्णयमा २०६६।०८।१२ भन्दा अघि दर्ता भई संचालनमा रहेका उद्योगहरुको हकमा समेत पहिलो प्राथमिकतामा उद्योग स्थानान्तरण गर्ने उल्लेख भएको र यसरी सञ्चालित उद्योगहरुको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत् क्षमता थप गर्न स्वीकृति प्रदान नगर्ने नीति कायम राख्नुको अर्थ कंमशः त्यस्ता उद्योगहरु बन्द गराई स्थानान्तरण गराउने लक्ष्य रहेको प्रस्ट देखिएको समग्र अवस्थालाई मध्यनजर राखी ब्रम्हाण्डकै अतुलनीय मूल्य (Outstanding Universal Value) बोकेको भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दिर्घकालीन संरक्षणका लागि यो आदेश प्राप्त भएको मितिले २ वर्षभित्र धुलो, धुँवा वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने लुम्बिनीको पर्खाल धेराको पूर्व, पश्चिम, उत्तर १५ किमि दूरीसम्मका र दक्षिणमा भारतीय सिमासम्मका बन्द वा स्थानान्तरण नभएको उद्योग तथा कलकारखाना बन्द गर्नु वा स्थानान्तरण गर्नु/गराउनु र यसरी धुलो, धुँवा वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योग तथा कलकारखाना बन्द वा स्थानान्तरण गर्दा बृहत्तर लुम्बिनी क्षेत्रको दिर्घकालीन संरक्षणमा समेत पर्याप्त ध्यान पुऱ्याउनु। यो आदेशको कार्यान्वयनमा संरक्षण क्षेत्रमा क्रियाशीलहरुको दबाब आवश्यक हुन्छ।

तेस्रो बुँदामा-उल्लेखित उद्योगहरु स्थानान्तरण भएपछिको खाली जग्गामा पर्यटनमैत्री व्यवसाय संचालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध गराउनु। यो पर्यटन प्रबर्द्धनमा सहयोग पुग्छ। चौथो बुँदामा-लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व-पश्चिम तथा उत्तरतर्फ पर्खालदेखि १५ किमि दूरीभित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँबायाँ ८०० मि क्षेत्र भित्रको सडकमा १९ टनभन्दा बढी भार बाहन क्षमता भएको सार्वजनिक सवारी साधनको आवागमनमा रोक लगाउनू ।यो कार्यान्वयनमा सबै पक्षको सहयोग र इमानदारिता चाहिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चित्रकलाका माध्यमबाट देशलाई चिनाउने अभियान

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ भाद्र

चित्रकलाका माध्यमबाट देशलाई चिनाउने महाअभियानमा जुट्नुभएका कलाकार नगेन सिंहठकुरीले नवलपर ासीपूर्वको बौदीकाली गाउँपालिका स्थित अकला मन्दिरलाई क्यानभासमा उतार्नुभएको छ।

शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी, विश्वको सर्वोच्च शिखर सगरमाथा, विश्व सम्पदा पशुपतिनाथ, मुक्तिनाथ, लाङटाङ, चितवन राष्ट्रिय निकुञ्जका माध्यमबाट विश्वमञ्चमा नेपाल परिचित भए पनि देशका ७७ वटै जिल्लाका कम्तीमा तीनवटा धार्मिक, प्राकृतिक वा सांस्कृतिक सम्पदालाई क्यानभासमा उतारी 'नेपाल कला यात्रा' पुस्तक तयार गर्ने लक्ष्यअनुरुप उहाँले अकला मन्दिरलाई क्यानभासमा कोर्नुभएको हो । प्राज्ञ सिंहले कला यात्रा पुस्तकलाई १९७ भाषामा अनुवाद गरी विश्वभरका विश्वविद्यालय र पुस्तकालयहरूमा वितरण गरिने बताउनुभयो। लामो समयदेखि कला क्षेत्रमा त्रियाशील उहाँले हालसम्म १५० भन्दा बढी सम्पदास्थललाई क्यानभासामा उतारिसक्नुभएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञसभा सदस्य रहिसक्नुभएका उहाँले राष्ट्रको उन्नयनका निम्ति हरेक नेपालीले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो।

अकला देवीको मन्दिर कालीगण्डकी उपत्यकाको प्रख्यात धार्मिक तथा पर्यटकीयस्थलका रुपमा परिचित छ।

# तनहुँका तीन हजार घरमा खानेपानी

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ भाद्र

एक वर्षमा जिल्लाका तीन हजार घरमा खानेपानी सुविधा विस्तार भएको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका दुई हजार ९२७ घरमा खानेपानी सुविधा विस्तार गरेको हो।

कार्यालय प्रमुख शम्भुराज खनालका अनुसार गण्डकी प्रदेश सरकारमार्फत दुई हजार २२१, सङ्घ सरकार सशर्त कार्यक्रमबाट दुई सय २६ र विशेष अनुदानमार्फत चार सय ८० घरमा खानेपानी सुविधा विस्तार भएको छ । अघिल्लो आवमा जिल्लाका दुई हजार घरमा खानेपानी सुविधा पुगेको थियो । आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका चार हजार ३०० घरमा खानेपानी सुविधा विस्तार गर्ने कार्यालयको लक्ष्य रहेको प्रमुख खनालले बताउनुभयो । कार्यालयका लागि आव २०८१/८२ मा पुँजीगततर्फ रु ४३ करोड दुई लाख बजेट विनियोजन भएकामा रु ३९ करोड ४६ लाख ९१ हजार खर्च भएको छ।

# लायन्स क्लब अफ पोखरा अन्नपूर्णको अध्यक्षमा पराजुली

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भाद्र




लायन्स क्लब अफ पोखरा अन्नपुर्णको अध्यक्षमा सुकल्याण पराजुली चयन भएका छन्। पराजुली लायन वर्ष २०२५/२०२६ का लागि अध्यक्षमा चयन भएका हुन्।

निर्वाचित नयाँ कार्यसमितिको पदस्थापनमा २५ औ छात्रवृत्ति वितरण सगै क्लबको पहलमा खाने पानी योजना सम्पन्न भएका ४४ विद्यालयका प्रधानाध्यापकहरुलाई सम्मान गरिएको थियो । निर्वाचित अध्यक्ष पराजुलीलाई क्लबका निवर्तमान लायन वर्ष २०२४/२०२५ का अध्यक्ष गणेशलाल श्रेष्ठले पद हस्तान्तरण गरेका थिए। पदभार ग्रहण पछि अध्यक्ष पराजुलीले क्लबले नेपालमा मात्र नभएर बिश्वकै लायन्सहरु माझ एक पृथक परिचय बनाउन सफल भएको बताउदै लायन्सको "हामी सेवा गर्छौं" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै आफनो कार्यकालयमा कर्णाली प्रदेशका लायन्स क्लबसंगको भगिनी संबन्ध मार्फत राउटे वस्ती सम्म सेवा पुर्याउने, डिस्ट्रिक्ट गभर्नरको स्थानिय सरकार संग लायन्स भन्ने नारालाई साथ दिदै यस बर्ष गण्डकी क्षेत्रमा बिमा र जोखीम व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका स्थानीयतहहरुलाई बिमा प्राधिकरण गण्डकी प्रदेश र नेपाल बिमा तथा जोखिम व्यवस्थापन संघ संगको सहकार्यमा ससत्तिकरण गर्ने, गण्डकी प्रदेशका पर्यटकिय स्थलका स्थानिय सरकार र व्यवसायीसंगको समन्यवमा होम स्टेका सेवालाई प्रभावकारी बनाउन सहयोग गर्ने लगायतका कार्यक्रमहरु संचालन गर्ने र कार्यक्रम गर्दा सकेसम्म अन्य लायन्स क्लब र लियो क्लबहरुलाई साझेदार बनाउन सक्दो प्रयास गर्ने प्रतिवद्धता जनाएका थिए । यस अघि क्लबले विभिन्न बिद्यालयहरुमा शुद्ध खानेपानीका लागि टंकी निर्माण देखी काली गण्डकीको कटान रोकथाम सम्मको जोखिम व्यवस्थापन, छात्रबृत्ती वितरण देखी पोशाक वितरण, आँखा लगायत स्वास्थ्यका विभिन्न शिविरहरु संचालन, गण्डकी प्रदेशमा मात्र नभएर क्लबका सदस्यहरुले कर्णाली प्रदेश देखी भारतीय भुमी दार्जीलिङ्ग, सिक्किम, कालिन्ङ्पोङ्ग र बोधगया सम्म पुगेर सेवा गरेको अध्यक्ष पराजुलीले स्मरण गरेका थिए। कार्यक्रममा निर्वाचित अध्यक्ष पराजुली र सूर्य बराललाई डिस्ट्रिक्ट ३२५ जेका सचिव पुर्षोतम वस्नेतले डिजी मेडल प्रदान गरेका थियो। क्लबका पूर्व अध्यक्ष, छात्रवृत्ति वितरण एंव टंकी निर्माण कार्यक्रमका संयोजक सोनाम साङपोका अनुसार कार्यक्रममा कक्षा १ देखि स्नातक तहसम्म अध्ययन गर्ने २४ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी १५ देखि ७५ हजार गरेर सात लाख २७ हजार पाँच सय रुपैया छात्रवृत्ति वितरण गरेको जानकारी दिए । ७० प्रतिशत विद्यार्थीहरुमा दूषित पानीका कारण स्वास्थ्यसम्बन्धी समस्या देखिएको पाएपछि विभिन्न दाताहरुको सहयोगमा खानेपानी टंकी निमार्ण गरेको र निमार्ण सम्पन्न गरेका ४४ विद्यालयका प्रधानाध्यापकहरुलाई सम्मान गरिएको उनले जानकारी दिए । क्लबले प्रति विद्यालय टंकी निमार्णको लागि दुई लाख सहयोग गरेको साङपोले जानकारी दिए। क्लबले हालसम्म ५६ वटा टंकी निर्माण गरेको उनले जानकारी दिए। नयाँ समितिलाई पदस्थापन कार्यक्रमका प्रमुख अतिथी मल्टिपल डिस्ट्रिक्ट काउन्सिल चेयर पर्सन मिलन थापा एंव फस्ट पर्सन पुर्व गभर्नर ध्रुव थापा, पदस्थापन अधिकृत तथा डिस्ट्रिक्ट ३२५ जे नेपालका डिस्ट्रिक्ट गभर्नर लायन मिलन बाबु मल्ल, मल्टिपल कोअर्डिनेटर पुर्व गभर्नर लायन योगेन्द्र प्रधान, यु, डिस्ट्रिक्ट ३२५ जे नेपालका भाईस डिस्ट्रिक्ट गभर्नर लायन प्रजापती बास्तोला, डिस्ट्रिक्ट ३२५ जे रिजन ५ का प्रमुख तथा क्लबका पुर्व अध्यक्ष तथा पदस्थापन कार्यक्रमका संयोजक लायन दिनेश तुलाचन, चिप एडभाईजर कृष्ण प्रसाद शर्मा, सम्मानीत प्रधानाध्यापक स्याङजा फेदिखोलस्थित चण्डीका माविका अमृत शेरचन, छात्रवृत्ती पाएकी विद्यार्थी लमजुङकी कल्पना क्षेत्री लगायतले नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिएका थिए।

# बेनीमा २० वर्षपछि 'थेत्तोर' नाच

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भाद्र



बेनीमा २० वर्षपछि थेत्तोर (धानको बाला) नाच प्रदर्शन गरिएको छ । नेपाल भाषा मंकाःखल, मैजुःखल र ल्यामः पुचका कलाकारले मङ्गलबार हरितालिका तीजको अवसरमा मौलिक र परम्परागत थेत्तोर नाच प्रदर्शन गरेका हुन्।

भाषा मंकाःखलका कलाकार सञ्जयकुमार श्रेष्ठले २० वर्षपछि बेनीमा थेत्तोर नाच देखाइएको जानकारी दिनुभयो। यसअघि विसं २०६२ मा यो नाच देखाइएको थियो। कलाकारहरुको अभावका कारण बर्खेनाचअन्तर्गतको थेत्तोर नाच नियमित प्रदर्शन हुन सकेको थिएन। थेत्तोरलाई धानको बाला नाचका रुपमा चिन्ने गरिन्छ। थेत्तोर नाचमा परदेशी घर फर्कने क्रममा बाटोमा हुने घटनाक्रमलाई प्रस्तुत गरिने कलाकार विनोद श्रेष्ठले बताउनुभयो । "परापूर्वकालमा रोजगारीका लागि छिमकी मुलुक भारत गएकाहरु घर फर्कने क्रममा बाटोमा बास बस्दा हुने नाचगानका विषयवस्तुलाई ठट्यौली रुपमा गीतमा प्रस्तुत गरिन्छ", उहाँले भन्नुभयो, "मौलिक गीतको लय र सुर तालमा लाहुरे, युवतीहरु र जोक्करले गर्ने अभिनय रोचक हुन्छ ।" थेत्तोर नाचमा यसपालि बेनी सामुदायिक माविका विद्यार्थी कलाकार सहभागी भएका थिए । नाचका लागि वाद्यवादनसहित ३० जनाभन्दा बढी कलाकार आवश्यक पर्छ । बेनी वरपरका गाउँबस्तीमा धान र कोदो रोपाइँको काम सकेपछि स्थानीयहरु मनोरञ्जनका लागि बर्खेनाच हेर्न बेनी आउने यहाँको पुरानो चलन हो। बेनीमा घण्टाकर्ण चर्तुदर्शीका दिनदेखि सुरु भएको बर्खेनाचको तीज पर्वका दिन समापन गरिएको छ। दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले वध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिएको हो।

दुई सय वर्षअघि बेनी बजारमा बस्ती बसेदेखि नै बर्खेनाच सुरु भएको विश्वास छ । घण्टाकर्ण चर्तुदर्शीदेखि तीजका दिनसम्म विभिन्न नाच देखाइने यस बर्खे नाचले यहाँ जात्राकै रौनक दिने गरेको छ । यसवर्ष लाखे, घोडा, गोरु, रोपाइँ, नागागागिनी र थेत्तोर नाच देखाइएको ल्यामः पुःचका अध्यक्ष जेनेश श्रेष्ठले बताउनुभयो। बर्खे नाचमा मृदङ्गा र मादलको तालमा नृत्य गरिन्छ । सबैजसो नाचमा परम्परागत समाजको चित्रण गरिन्छ।

लाखेनाचमा परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्रलाई देखाउने चलन रहेको नेपाल भाषा मंःकाःखल म्याग्दीका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो।

# पोखरीमा डुबेर एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ भाद्र

सिँचाइका लागि बनाइएको पोखरीमा डुबेर यहाँको पालुङटार नगरपालिका-७ मा ५४ वर्षीय कालीबहादुर बरामको मृत्यु भएको छ । खत्रीटार पिप्लेखोल्सीस्थित कटहरेपाटामा पोखरीमा डुवेर बरामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ईन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो । मङ्गलबार बराम अचानक चिप्लिएर उक्त पोखरीमा खसेकोमा इलाका प्रहरी कार्यालय ठाँटीपोखरीको प्रहरीको टोलीले आजमात्र शव फेला पारेको उपरीक्षक सुवेदीले बताउनुभयो।

उक्त पोखरी सिँचाइ प्रयोजनका लागि बाँध लगाइ निर्माण गरिएको थियो। बरामको शव निकालेर घटनास्थलको प्रकृति मुचुल्का उठाइ शव परीक्षणका लागि प्रदेश अस्पताल गोरखामा राखिएको छ । घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-२९ बस्ने ममिता खत्री खड्काको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २६ को कित्ता नं. ३६९३ को क्षेत्रफल २५०.३६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ३६५३ र उत्तर तर्फ कि. नं. ३६६० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २६ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## शिक्षक आवश्यकता

शुक्लागण्डकी नगरपालिका शिक्षा महाशाखा, तनहुँको च.नं. ३८१ पत्र संख्या ०८२/०८३ को मिति २०८२/०५/११ को प्राप्त पत्र अनुसार साथै यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०५/११ को निर्णय अनुसार यस विद्यालयमा करार (अस्थायी) सेवामा विज्ञान शिक्षक पदपूर्तिका लागि विज्ञापन अनूमति प्राप्त भएकाले उल्लेखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलका उल्लेखित कागजात सहित सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**विज्ञापन नं.** ०१/२०८२/२०८३

१) पदः विज्ञान शिक्षक    २) संख्याः १ जना
३) तह : माध्यमिक तह    ४) श्रेणी : तृतीय
५) किसिमः करार (अस्थायी)
६) तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार।
७) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) आवश्यक कागजपत्रहरुः हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान।
९) परीक्षा दस्तुर : रु १०००।-
१०) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
११) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान संकायमा स्नातक उत्तीर्ण वा सो सरह
१२) दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८२/०५/२६ गते ४:०० बजेसम्म
१३) सम्पर्क मितिः २०८२/५/२६ गते।

सम्पर्कको लागिः ९८४६००५१८४, ९८५६०५८००८

**श्री राजपुर माध्यमिक विद्यालय**
शुक्लागण्डकी नगरपालिका-११, तनहुँ

# ऐतिहासिक नाच्नेडाँडामा गुञ्जिए तीजका भाका

**राम थापा**
गण्डकी, ११ भाद्र/रासस



तीज पर्व र नाच्नेडाँडाको साइनो पुरानो हो । परापूर्वकालदेखि नै यहाँ तीज मनाउने परम्परा रहेको पाकापुराना बताउँछन् । विसं १८१० मा स्थापना भएको सिद्धेश्वर शिवालय मन्दिर पनि यही रहेकाले नाच्नेडाँडाको ऐतिहासिक महत्व पुष्टि हुन्छ । बागलुङको गलकोट नगरपालिका-७ मल्मस्थित नाच्नेडाँडा तीजको पर्याय नै बनेको छ । तीज आयो कि यहाँको रौनक फेरिइहाल्छ ।

तीजमा नाचगान हुन थालेपछि ठाउँको नामै नाच्नेडाँडा रहन गएको हो । यहाँ बर्सेनि तीजमा मेला लाग्छ । यसपालि पनि दुई दिनसम्म मेला चल्यो । कुनैताका स्वतःस्फूर्त ढङ्गले चल्दै आएको मेला अहिले संस्थागत भइसकेको छ । सोमबार तीजको दर खाने दिन थियो । गाउँका छोरीचेली नाच्नेडाँडामा भेला भएर सामूहिक दर खाए । तीजका गीतमा छमछमी नाचे । कूर्चीदौडलगायत खेलमा रमाए । मङ्गलबार तीज गीत तथा नृत्य प्रतियोगितासहित सांस्कृतिक कार्यक्रम भए । कलाकारले प्रस्तुति दिए । प्रतियोगितामा ११ समूहले भाग लिएको मेला आयोजक नाच्नेडाँडा संरक्षण समाजका अध्यक्ष सविता मरासिनीले जानकारी दिनुभयो । मेलाका अवसरमा ज्येष्ठ महिला टुल्की दर्जी र सामाजिक अभियानकर्मी ललिता थापालाई सम्मान गरिएको उहाँले बताउनुभयो । तीज गीत तथा नृत्य प्रतियोगितामा न्यू लाइफ इङ्गलिस बोर्डिङ स्कूलको समूह प्रथम भई रू २५ हजार पुरस्कार प्राप्त गर्‍यो । दोस्रो स्थान हासिल गरेको जनहित माध्यमिक विद्यालयले रू २० हजार, तेस्रो हुने टोल सुधार आमा समूह, हरिचौरले रू १५ हजार, गलकोट बोर्डिङ स्कूल र गोल्डेन फ्युचर बोर्डिङ स्कूलले सान्त्वना स्थान प्राप्त गरी रू पाँच हजारका दरले पुरस्कार हात पारे । प्रतियोगितामा सहभागीले मौलिक सृजनामा गीत तथा नृत्य प्रस्तुत गरेका थिए । कलाकारले तीजका पुराना भाकामा महिलाका दुःख, बेदनासहित सामाजिक विषयवस्तुलाई उठाएका थिए । मेलाको उद्घाटनका क्रममा गण्डकी प्रदेशसभा सदस्य दिलमाया पौवीले तीज पर्वको मौलिकतालाई जगेर्ना गर्नुपर्ने बताउनुभयो । उहाँले संस्कृति संरक्षणसँगै महिला सशक्तीकरण र अधिकारको रक्षाका दृष्टिले पनि तीजलाई हेर्नुपर्ने बताउनुभयो । उहाँले सिद्धेश्वर शिवालय मन्दिरलगायत नाच्नेडाँडामा आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गलकोट-७ का वडाध्यक्ष राज थापाले विसं २०५० देखि तीज गीत तथा नृत्यलाई प्रतियोगितात्मक रुपमा सञ्चालन गर्न थालिएको बताउनुभयो । "त्योभन्दा पहिले स्वतःस्फूर्त रुपमा तीज मेला लाग्थ्यो, परम्परागत रुपमा त्यो चलेको थियो, विसं २०५० पछि मेला व्यवस्थित र संस्थागत गरिएको हो", उहाँले भन्नुभयो, "नाच्नेडाँडा गलकोट क्षेत्रकै ऐतिहासिक थलो हो, यसको संरक्षण र विकासमा स्थानीय समुदायको ठूलो योगदान छ ।"दशकौँ पुरानो नाच्नेडाँडाको तीज मेला हेर्न गलकोट र बाहिरबाटसमेत आगन्तुक आउने गरेका छन् । सोही ठाउँमा अवस्थित दुई सय ७२ वर्ष पुरानो सिद्देश्वर शिवालय मन्दिरले पनि तीज पर्व र नाच्नेडाँडाको महिमा बढाएको हो । तीजमा महादेवको व्रत बस्ने र पूजाआजा गर्ने महिलाको त्यहाँ उत्तिकै भीड लाग्छ । तीज लगत्तै पर्ने ऋषिपञ्चमीमा पनि शिवालयमा चहलपहल हुन्छ । पहिलेपहिले टाढा-टाढाबाट माइतीघर आएका चेलीबेटी भेट हुने, दुःख-सुख साट्ने, रमाउने ठाउँ नै यहीँ नाच्नेडाँडा हुन्थ्यो । समय बदलिए पनि यो ठाउँको पहिचानलाई कायमै राख्न स्थानीय समुदाय लागिपरेका छन् । गलकोट क्षेत्रकै पुरानो शिवालय पनि यहीँ भएकाले यो ठाउँको विशेष महत्व रहेको छ । अहिलेको पुस्ताले नयाँ स्वरुपमा भएपनि तीज मेलालाई निरन्तरता दिएका छन् । बर्सेनि मेलामा खुला तीज गीत तथा नृत्य प्रतियोगिता, सामूहिक दर खाने कार्यक्रम, कुर्चीदौड, घैँटोफोडलगायतका कार्यक्रम आयोजना गर्ने गरिन्छ । मेलाले तीजको पुरानो परम्परालाई जोगाउन मद्दत पुगेको समाजका सचिव कोपिला थापाले बताउनुभयो । मौलिक तीज गीत, नृत्य, दर खाने कार्यक्रम आदिले नयाँ संस्कृतिको पुस्तान्तरणमा पनि सघाउने उहाँको भनाइ छ । तीजमा आउने व्रतालु महिला र अरु भक्तजनका लागि सिद्धेश्वर शिवालयमा पूजाआजाका लागि पनि विशेष प्रबन्ध मिलाउने गरिएको छ। मन्दिर परिसरमा १०८ शिवलिङ्ग मण्डप निर्माण गरिएको छ । यस क्षेत्रमै पहिलोपटक शिवलिङ्ग मण्डप बनेपछि पछिल्लो समय शिवालय मन्दिरमा भक्तजनको आकर्षण बढेको हो । झण्डै चार रोपनी क्षेत्रफलमा फैलिएको मन्दिरमा शिवरात्रि र बालाचर्तुदर्शी पर्वमा विशेष मेला लाग्ने गर्छ । शिवालयमा नित्य पूजाआजासमेत हुने गरेको छ । पाण्डवखानी भन्ने ठाउँबाट एक साधु आई त्यहाँ बस्न थालेपछि शिवालय स्थापना गरिएको गाउँका अगुवा बताउँछन् । उक्त मन्दिर अहिले जीर्ण अवस्थामा छ । समितिले मन्दिरको पुनःनिर्माणसहित वृहत्तर विकास योजना अघि बढाएको छ । पुरातात्विक कलाकौशल झल्कने गरी मन्दिर पुनःनिर्माण गरिने जनाइएको छ । मन्दिरसहित धर्मशाला, सभाकक्षलगायतका संरचना यहाँ बन्नेछन् ।

# भारतको असममा प्रा.डा. कुसुमाकरको प्रमुख आकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भाद्र




विश्व लोकसंस्कृति दिवसको अवसर पारेर भारतको असम राज्य, ओदालगुडी जिल्लास्थित कलागुरु विष्णुराभा डिग्री कलेजमा दुई दिने अन्तर्राष्ट्रिय गोष्ठी हालै सम्पन्न भयो ।

परम्परागत ज्ञान प्रणालीमा विश्वव्यापीकरणको प्रभाव शीर्षकमा केन्द्रित उक्त गोष्ठीको मुख्य उद्देश्य विश्वव्यापीकरणले परम्परागत ज्ञान प्रणालीहरूमा पारिरहेको प्रभावबारे शैक्षिक तथा बौद्धिक बहसलाई प्रोत्साहन गर्नु थियो । यस महत्वपूर्ण गोष्ठीको उद्घाटन असम राज्यका शिक्षामन्त्री डा. रनोज पेगुले गरेका थिए ।

उद्घाटन मन्तव्यमा उनले भारतीय परम्परागत ज्ञानलाई आधुनिक शैक्षिक पाठ्यक्रममा समावेश गर्दै लैजानुको अपरिहार्यता औंल्याए । उनका अनुसार, परम्परागत शिक्षालाई समयानुकूल अद्यावधिक गर्न सकेमा मात्र भारतीय शिक्षा प्रणाली विश्व समुदायमा प्रतिष्ठित हुन सक्छ । परम्परागत ज्ञान प्रणाली र यसको संरक्षणसम्बन्धी एस सय ५५ वटा कार्यपत्र प्रस्तुत गरिएको यो अन्तर्राष्ट्रिय गोष्ठीमा लोकसंस्कृतिविद् प्रा.डा. कुसुमाकर न्यौपानेको सहभागिता थियो । उनको प्रस्तुत कार्यपत्र र विमर्शले नेपाली लोकसंस्कृति र शैक्षिक अनुसन्धानलाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने महत्वपूर्ण अवसर प्रदान गर्‍यो । त्यसैगरी प्रा.डा. न्यौपानेले बाग्लुङमा बसोबास गर्ने मगर जातिको गोपिचन लोकनाटकमा आधारित भएर परम्परागत ज्ञान, लोकसाहित्य, मौखिक परम्परा र समकालीन सामाजिक रूपान्तरणबीचको अन्तरसम्बन्धलाई विस्तृत रूपमा विश्लेषण गरेका थिए । उनले परम्परागत मूल्य र ज्ञान प्रणालीलाई केवल ऐतिहासिक सम्पत्ति नभई वर्तमान र भविष्यका लागि मार्गदर्शकको रूपमा हेर्नुपर्ने विचार राखे । उहाँले एक प्राज्ञिक सत्रको अध्यक्षता पनि गरे ।

सो सत्रमा विभिन्न देशका विद्वान्हरूले प्रस्तुत गरेका शोधपत्रहरूमा उहाँले टिप्पणी गर्दै, परम्परागत ज्ञान र आधुनिकताको सहअस्तित्वलाई केन्द्रमा राखेर बहस अघि बढाउनु पर्नेमा जोड दिए । उनको तार्किक विवेचनले सहभागीहरूलाई गहिरो प्रभाव पारेको थियो । नेपाली भाषी असामी लेखक प्राध्यापकहरु प्रा.डा. न्यौपानेजस्तो ख्यातिप्राप्त नेपाली विद्वान् भारतीय शैक्षिक मञ्चमा प्रमुख अतिथि र वक्ताको रूपमा उभिदा गर्व महसुस गरे । फोक्लोर सोसाइटी असमका महासचिव डा. करुणाकान्त काकती, "डा. न्यौपानेको विचार र प्रस्तुति केवल शैक्षिक दृष्टिले मात्र नभई नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने माध्यम बनेको छ । नेपाली लोकसाहित्य, परम्परागत ज्ञान र सांस्कृतिक अभ्यासलाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्न उहाँको भूमिका अत्यन्त महत्वपूर्ण रह्यो ।"

सोही अवसरमा गोष्ठीको समापन सत्र प्रा.डा. दिलिपकुमार कलिताको अध्यक्षतामा सम्पन्न भयो। यस समापन सत्रमा प्रमुख अतिथिका रूपमा प्रा.डा. कुसुमाकर न्यौपानेलाई आमन्त्रण गरिएको थियो। समापन मन्तव्य दिँदै उनले नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक र लोकपरम्परागत एकतालाई स्मरण गराउँदै दुबै देशले हातेमालो गरेर मात्र लोकसंस्कृतिको संरक्षण र संवर्द्धन सम्भव हुने धारणा राखे । उनले विश्वव्यापीकरणका कारण संस्कृतिको मौलिकता खुम्चिँदै गएको प्रसंग उल्लेख गर्दै, यस विरासतलाई बचाइ राख्नका लागि राष्ट्रबीचको सहकार्य अपरिहार्य रहेको कुरा जोड दिए ।

यस अवसरमा भारतीय लोकसंस्कृतिमा उल्लेखनीय योगदान पुऱ्याएबापत डा. अनिल सइकियालाई विशेष सम्मान गरिएको थियो । साथै, असमका चर्चित लोकसंस्कृतिविद् मिजिमी हान्से र डा. एकलव्य गामलाई पनि सम्मान गरिएको थियो ।

# अपाङ्ग छोरो स्याहार्दैमा बित्यो मनमायाका २३ वर्ष

**हरिप्रसाद बास्तोला**
गण्डकी, ११ भाद्र/रासस



यहाँको पोखरा महानगर- १७ स्थित सेती नदीको डिलैमा छ एउटा टिनको टहरा । प्राय त्यही टहरा भित्र भेटिनुहुन्छ ५५ वर्षीया मनमाया थापा मगर र उहाँकी २३ वर्षीय छोरा पूर्णबहादुर ।

पूर्णबहादूर पूर्ण अपाङ्ग हुनुहुन्छ । न उहाँको दृष्टि छ न त शरीर चल्छ । बोली पनि छैन । टहरा बनाउने थोरै जग्गा पनि आफन्तले उपलब्ध गराएका हुन् । झरीको बेला भित्ताबाट रसाएको चिसोले पूर्णको ओछ्यानसम्मै भिज्छ । भूइँमा ओछ्याइएको म्याट्रेसमा काठको मुढोझैँ पल्टिरहेका हुन्छन् पूर्ण ।

जसरी चिसोले रसाइरहन्छ भित्तो । त्यसरी नै २३ वर्षदेखि मनमायाको आँखा रसाइरहेको छ । उहाँलाई थाहा पनि छैन कि उहाँका आँखा कहिले ओभाउने हुन् । "छोरा जन्मिँदै अपाङ्गता देखियो", उहाँ भन्नुहुन्छ, "त्यसयताका कुनै दिन मेरा लागि चाडबाड, रमाइलो, साथीभाई आफन्त रहेन, यही छोराको स्याहार गर्दैमा जिन्दगी बित्दो छ ।" छोरालाई ओछ्यानमै ख्वाउनुपर्छ । छोराको उमेरसँगै तौल बढ्दै गएपछि मनमायाले दिसापिसाब गराउन सक्नुहुन्न । "आफैँले सोहोरेर फाल्ने गरेकी छु", उहाँले सुनाउनुभयो । बिहान उठेदेखि रातिसम्म छोराको हेरचाह गर्नु उहाँको दैनिकी हो । हुन त कुन आमालाई सन्तानप्रतिको माया नहोला र ? तर छोराप्रति आमाको माया बुझ्न मनमायाको वास्तविकता हेरे पुग्छ । उहाँहरुलाई देख्ने जोकोहीको आँखा रसाउँछ । "छोरो सानो हुँदा त दिसापिसाब गर्न बोकेर शौचालय लैजान्थैँ । अब त छोरो ठूलो भयो, मेरो पनि उमेर ढल्कँदो छ । बोक्नै सक्दिन", उहाँले भन्नुभयो, "विस्तारामै फोहर गर्छ । जति सफा गरेपनि पुग्दैन । हिजोआज त कोठा नै गन्हाउन थालेको छ ।" जब छोरालाई भोक लाग्छ अनि घुरे जस्तो आवाज निस्किन्छ । त्यसपछि खाना ख्वाउनुहुन्छ मनमाया । छोराले कमाएर दिने अवस्थामा उसैको स्याहारसुसार गर्नुपर्दा दुःख लाग्ने उहाँ बताउनुहुन्छ । तर आफ्नै कर्मलाई दोष दिँदै चित्त बुझाउनुहुन्छ मनमाया । पूर्णका बुवा लक्ष्यु थापा मगर एक निजी विद्यालयको बस चालक हुनुहुन्छ । श्रीमानको कमाइकै भरमा घर चलेको छ । तर त्यो पर्याप्त अवश्य छैन । त्यसो त पूर्णबहादुर मनमाया र लक्ष्युको पहिलो सन्तान हैन । पाँच छोरामध्ये कान्छो हुन् पूर्ण । जन्मजातनै अपाङ्गता देखिएपछि एक महिनासम्म गण्डकी अस्पतालमा उपचारका लागि राख्दा पनि कुनै सुधार भएन । टहरादेखि बाहिर निकाल्दा उकालो उक्लनुपर्दछ । छोरोलाई एक संस्थाले दिएको ह्विलचेयरसमेत काम लागेन । आर्थिक अभावका कारण उपचारमा 'फलोअप'का लागि कतै लैजान नसकेको पनि वर्षौं बितिसकेको छ ।

पूर्णको नाममा (क) श्रेणीको अपाङ्गताबापत्को सुरक्षा भत्ता प्राप्त हुन्छ । सो भत्ताले केही हदसम्म पालनपोषणमा सहयोग पुगेको पूर्णका बाबु लक्ष्यु थापामगरले बताउनुभयो । घरमा आउने कतिपयले परिवारको दुःख देखेर खानेकुरा र नगदसमेत दिने गर्छन् । उहाँले भन्नुभयो, "पोखरामा कतिपय वडामा सुकुम्वासी र अव्यवस्थित बसोबासी भए पनि हाम्रो जस्तो परिवारको त्यसमासमेत पहुँच छैन ।"

जग्गा पाउने होभने जेनतेन एउटा सानो भए पनि आफ्नै घर बनाएर अपाङ्गता भएका छोरालाई सजिलोसँग सुरक्षित छानामुनी राख्ने धोको मगर दम्पत्तिको थियो । अब त त्यो धोको पनि पुरा नभइ नै जिन्दगी बित्छ भन्नेमा ढुक्क हुनुहुन्छ उहाँहरु । उहाँहरुको जेठो कृष्णले रडरोगन सम्बन्धी काम गर्नुहुन्छ । माइला कर्णले धातुसम्बन्धी र साहिँलो सुरजले रेष्टुरेण्टमा काम गर्नुहुन्छ । अर्को विष्णु वैदेशिक रोजगारीमा साउदी हुनुहुन्छ । तर उनीहरु सबै आ-आफ्नै जहान परिवार पाल्नमै ठिक्क छन् । आफू काठमाडौंको थानकोटमा जन्मिएको बताउनुहुन्छ लक्ष्यु । "आमाबाबाले छ महिनाको हुँदा बोकेर पोखरा ल्याउनुभएको भन्ने सुनेको हुँ", उहाँले भन्नुभयो, "म १४ वर्षको हुँदा बाबु आमा गुमाएँ । मेरा आफन्त को हुन्, कहाँ छन् मलाई केही थाहा छैन ।" उमेरले ५८ वर्ष पुग्नुभएका लक्ष्युका आफ्नै दुःख छन् । लामो समय पोखराको बजारमा हाते ट्याक्टर चलाउनुभएका उहाँले टोली आउँदा पोखरा महानगरपालिका- ८ बाट नागरिकता बनाउनुभयो ।

विसं २०७८ को जनगणनाअनुसार कूल जनसङ्ख्याको २.२ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिन्छ । सो अनुसार मुलुकमा पूर्ण अपाङ्गताको सङ्ख्या ५७ हजार ४८६ रहेको छ । नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०२२ मा कूल जनसङ्ख्याको ६.७ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको उल्लेख छ । जैविक संरचना वा 'जीन'मा देखिने खोट, गर्भमा रहँदा पर्याप्त पोषण तत्वको अभाव, विभिन्न दुर्घटना आदि जस्ता कारणले बच्चा अपाङ्गता भएको जन्मन सक्ने विज्ञहरु बताउँछन् । कतिपय लुला लङ्गडा वा विकलाङ्ग हुन सक्नदछन् भने कोही आँखा नदेख्ने, कोही कान नसुन्ने, बोल्न नसक्ने विभिन्न कारणले अपाङ्गता देखिएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान बाल विभाग प्रमुख डा रामचन्द्र बास्तोला बताउनुहुन्छ । विपन्न, असहाय परिवारमा अहिले पनि कतिपय अपाङ्गता भएका व्यक्ति सुविधायुक्त आवास, खानपान, सरसफाइ, उपचारको व्यवस्था नहुँदा कष्टकर जीवनयापन गर्न बाध्य भएको अपाङ्गता स्वावलम्बन सङ्घ नेपाल कास्कीका संस्थापक अध्यक्ष गिरधारी सुवेदीले बताउनुभयो । कास्कीमा (क) श्रेणीका पूर्ण अपाङ्गता भएका एक हजार ४०० भन्दा बढी छन् ।

अध्यक्ष सुवेदीका अनुसार अपाङ्गता भएकालाई सहयोग र मायाको खाँचो पर्दछ । जसका लागि घरपरिवार, समाज र राज्य संयन्त्र सहयोगी बन्नु अपरिहार्य छ । यस्ता अपाङ्गता भएका व्यक्तिको पालनपोषण र सुरक्षाको जिम्मा सरकारले लिन सकेमा कम्तिमा त्यस्ता कैयौँ मनमाया र लक्ष्यु जस्ता दम्पत्तिको जिन्दगीका दुःखमा थोरै भएपनि मल्हम पट्टी लाग्ने थियो ।

# आर्वामा आयोजित खुल्ला तीज गीत प्रतियोगितामा अनु समुह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भाद्र



पोखरा महानगरपालिका वडा नं १३ आर्वामा आयोजना भएको खुल्ला तीज गीत प्रतियोगितामा अनु क्षेत्रीको समुह प्रथम भएको छ ।

नेपाली नारीको सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा रतन पाण्डे युवा क्लवले आयोजना गरेको १८ औं संस्करणको प्रतियोगितामा संगीता बरालको समुह द्वितीय, पुर्णिमा बराल र सीता बरालको समुह तृतीय भएको क्लवका सचिव सन्दीप वरालले जानकारी दिए । प्रतियोगितामा उत्कृष्ट भेषभुषा पुर्णिमा बरालको समुह र उत्कृष्ट नृत्य अनु क्षेत्रीको समुहले प्राप्त गर्यो। विजयी समुहलाई क्लवका अध्यक्ष विजय सुनार,वडा सदस्य रजनी परियार ,संस्थापक उपाध्यक्ष धने सुनार, सदस्य दिपेन्द्र सुनार, लोकदोहोरी गायक अमर धिताल, कृष्णप्रसाद गौतम लगायतले नगद सहित प्रमाणपत्र प्रदान गरे । यसअघि कार्यक्रमको उद्घाटन गर्दै पोखरा १३ का वडाध्यक्ष किरण वरालले तीज पर्व नेपाली नारीको मौलिक तथा सांस्कृतिक पर्व भएको बताउँदै, यसको मौलिक पक्षको जगेर्ना गर्नुपर्ने बताए। उनले संस्कृति संरक्षणमा स्थानीय सरकार जहिले पनि सहयोगी बन्न तयार रहेको स्पष्ट पारे।क्लवका अध्यक्ष विजय सुनारको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य रजनी परियार, समाजसेवी शिवप्रसाद बराल, कमल सुनार, आशिर्वाद क्लव अफ नेपालका उपाध्यक्ष विक्रम बरालले यस्ता कार्यक्रमले कला र संस्कृतिको विकासमा ठुलो योगदान पुर्याउने बताउँदै, क्लवलाई सक्रिय बनाएर समाज विकासमा लाग्न सुझाव दिए । सचिव सन्दीप वरालले संचालन गरेको कार्यक्रममा लोक दोहोरी गायक अमर धिताल, लोक तथा भजन गायक कृष्ण प्रसाद गौतमले सांगीतिक प्रस्तुती राखेर सहभागी दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । परम्परागत संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले विगतका वर्षबाट नै क्लवले कार्यक्रम गर्दै आएको बताईएको छ ।

# नेपाल बङ्गलादेशसँग पराजित

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ भाद्र

नेपाल दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१७ महिला च्याम्पियनसिपमा बङ्गलादेशसँग पराजित भएको छ ।

बङ्गलादेशसँगको दोस्रो हारसँगै नेपाल साफ महिला यु-१७ च्याम्पियनसिपको उपाधि होडबाट बाहिरिएको छ । नेपालले ४ खेलबाट ३ अङ्क मात्रै जोड्न सफल भयो । नेपाल पहिलो खेलमा भारतसँग ८-० ले पराजित भएको थियो । नेपालले भुटानसँग २-१ गोल अन्तरको जित निकालेको थियो भने बङ्गलादेशसँग ३-० गोलले पराजित भएको थियो । भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ रङ्गशालामा आज सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग ४-१ गोलले पराजित भएको हो । बङ्गलादेशलाई जित दिलाउन सौरभी अखण्ड प्रीतिले ह्याट्रिक गर्दा र थुनुए मार्माले एक गोल थपिन् । नेपालका लागि कप्तान भूमिका बुढाथोकीले एक गोल फर्काइन् । खेलको ३८ मिनेटमा थुनुएको गोलमार्फत बङ्गलादेशले पहिलो अग्रता लिइन् । खेलको ४४औँ मिनेटमा प्रीतिले टोलीको अग्रता दोब्बर बनाइन् । पहिलो हाफको इन्जुरी समयमा भूमिकाले नेपालका लागि गोल फर्काइन् ।

खेलको ७१औँ मिनेटमा प्रीतिले दोस्रो गोल गरिन् । प्रीतिले खेलको ८६औँ मिनेटमा ह्याट्रिक पूरा गरिन् । जितसँगै बङ्गलादेशले ४ खेलबाट ९ अङ्क पुऱ्याएको छ । एक खेल कम खेलेको भारतको पनि समान ९ अङ्क छ ।